पुनर्वास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## पुनर्वास,कञ्चनपुर

सुदूरपश्चिम प्रदेश,नेपाल
२०७३

फोन : ०९९-४२००५५

प.सं.२०७६/०७७
च.नं.......

**विषयः सम्पत्ति विवरण बुझाउने सम्बन्धमा**

श्री वडा कार्यालयहरु सबै/विषयगत कार्यालय, शाखा सवै

उपरोक्त विषय सम्बन्धमा, मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय सुदुर पश्चिम प्रदेश को च.नं. २१११ मिति २०७७।३।२४ को पत्र यसै साथ संलग्न राखी पठाईएको छ । सोही पत्र वाट व्यहोरा अवगत गरि पत्रमा उल्लेख भए वमोजिम सम्पत्ति विवरण यथासिघ्र पठाउन हुन अनुरोध गरिन्छ ।

०७७।०३।२५

धौलराम सार्की
प्रशासकीय अधिकृत

Website:www.punarbasmun.gov.np, Email:punarbasnagarpalika55@gmail.com

**'अति जरूरी**

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन तथा बैठक शाखा)

धनगढी, कैलाली

नेपाल

प.सं. २०७६।०७७

च.नं. २१११

मितिः २०७७।०३।२४

**विषयः- सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।**

श्री प्रदेश मन्त्रालयहरु सबै,
श्री जिल्ला समन्वय समितिहरु सबै,
श्री स्थानीय तहहरु सबै,
सुदूरपश्चिम प्रदेश ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं.२०७६/०७७ च.नं.१५१२ मिति २०७७।०३।१६ को पत्रानुसार स्थानीय तहमा कार्यरत अन्य सेवाका कर्मचारीहरुको सम्पत्ति विवरण प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने व्यवस्था रहेकोले लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्ती भएका कर्मचारीहरु समेतको सम्पत्ति विवरण प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउने सम्बन्धमा लेखि आएको र राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, ललितपुरबाट गोरखापत्र दैनिकमा मिति २०७७।०३।२२ गते प्रकाशित आ.व. २०७६।७७ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचनाको सन्दर्भमा सोही बमोजिम हुने गरी आ.व. २०७६।७७ को सम्पत्ति विवरण संकलन र दर्ता सम्बन्धमा देहाय बमोजिम हुन आदेशानुसार अनुरोध छ ।

१. निजामती सेवाका कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीहरुले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

२. स्थानीय तहमा कार्यरत अन्य सेवाका कर्मचारीहरु र लोक सेवा आयोगबाट आ.व. २०७५।७६ मा भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरुले नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग-५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका र प्रदेश सरकारको मन्त्रालयमा पेश भएका सम्पत्ति विवरणहरुको अभिलेख तत् तत् निकायले नै समयावधिभित्र राखि सम्पत्ति विवरण बन्दी खामहरु ३० (तीस) दिन भित्र कार्यरत कार्यालयबाटै एकमुष्ट रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

२०७७।३।२४

जगदीश जोशी
शाखा अधिकृत

टेलिफोनः ०९१५२२५९८, ०९१५२३९५७, ०९१५२७२३२, ०९१५२५५७२, ०९१५२५९६१,०९१५२३६८५, ०९१५२५३४३, फ्याक्सः ०९१५२५३४३, टोल फ्रि नं. १६६०९१५२७२३
website: www.p7ocmcm.gov.np

नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. : ३१२१
मितिः ०७७।३।२३

पत्र संख्या :- २०७६/०७७
चलानी .नः १२१२

मितिः- २०७७/०३/१६

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ७ वटै प्रदेश
श्री स्थानीय तहहरु सबै

विषयः- सम्पति विवरण बुझाउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय किताबखानाको च.नं. ५२ मिति २०७७।३।१० को पत्रसाथ प्राप्त निर्णयको बुदा नं. १२ मा *स्थानीय तहमा कार्यरत अन्य सेवाका कर्मचारीहरुको सम्पति विवरण प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने व्यवस्था रहेकाले लोकसेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्ति भएका कर्मचारीहरुको समेत सम्पति विवरण प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बुझाउने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निर्णयको लागि अनुरोध गर्ने* भनि लेखी आएका तथा राष्ट्रिय सर्तकता केन्द्रले आ.ब. २०७५।७ को सम्पति विवरण बुझाउने सम्बन्धमा जारी गरेको सूचनामा समेत जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका र प्रदेश सरकारको मन्त्रालयमा पेश भएका सम्पति विवरणहरुको अभिलेख राखी तीस दिनभित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिसक्नुपर्ने भनि उल्लेख भएकोले सोही अनुसार तहाँ र अन्तर्गतका निकायहरुमा उक्त निर्णय अनुसार सम्पति विवरण संकलन र दर्ता गर्ने व्यवस्था हुन यस मन्त्रालयको मिति २०७७।३।१६को निर्णयअनुसार अनुरोध छ ।

बोधार्थ

१) सूचना तथा प्रविधि शाखा, सूचना एकाई : प्रस्तुत सूचना वेभसाईटमा अपलोड गरिदिनहुन ।

२०७७।३।१६
(बसन्त भट्टराई)
शाखा अधिकृत

श्री सचिव (प्रशासन)
✓ सबै मन्त्रालय
✓ सबै स्थानीय तह / जिल्ला समन्वय समिति
✓ अन्य निकाय मा पठाउन पाई समन्वय गरौं / गराऔं
३।२२

श्री प्रशासन
शिघ्र/आ.को.
३।२२

गोरखापत्र
२०७७/३/२२

# विधेयक खारेजीको माग गर्दै प्रदर्शन

* महोत्तरी समाचारदाता




नेपाली काँग्रेस महोत्तरीले नागरिकता विधेयक खारेजीको माग गर्दै गरेको प्रदर्शन। तस्विर : नागेन्द्रकुमार कर्ण

जलेश्वर, असार २१ गते। नागरिकता विधेयक खारेज हुनुपर्ने माग राख्दै नेपाली काँग्रेस, महोत्तरीले आइतबार सदरमुकाम जलेश्वरमा बृहत् प्रदर्शन गरेको छ। सदरमुकाम जलेश्वरको खैरा चोकको कार्यालयबाट निस्केको बृहत् जुलुस नगरको विभिन्न भागमा परिक्रमा गर्दै महादेव मन्दिर पुगेर कोणसभामा परिणत भएको थियो।

बृहत् जुलुस प्रदर्शनमा नेपाली काँग्रेसका पूर्वसांसद रामचन्द्र तिवारी, बसन्त गुरुङ, हरिशङ्कर मिश्र, बलवा नगरपालिकाका नगरप्रमुख विनोद यादव, लोहारपट्टीका नगरप्रमुख शैलेन्द्र यादवसहित जिल्लास्तरीय तथा क्षेत्रीयस्तरका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

प्रदर्शनमा सात वर्षे नागरिकता विधेयक खारेजी गर, यस्तो विधेयक स्वीकार्य छैनलगायतका नाराबाजीसमेत गरिएको थियो।

कोणसभामा आफ्नो धारणा राख्दै नेताहरूले नागरिकतामा सात वर्षमा अङ्गीकृत नागरिकता दिने कार्य गलत भएको भन्दै सो विधेयक खारेजीको माग गर्नुभएको थियो।

काँग्रेसका जिल्ला सभापति महेन्द्रकुमार यादवले संविधानविपरीत सरकारबाट विधेयक आएको बताउँदै यसको खारेजी नभए कडाभन्दा कडा आन्दोलन गर्ने चेतावनी दिनुभयो। उहाँले आजको प्रदर्शन नागरिकताविरुद्धको आन्दोलनको सुरुवात भएको बताउँदै नागरिकता विधेयक खारेजी गर्नुपर्ने माग गर्नुभयो।

सरकारले ल्याएको नागरिकता विधेयकमा नेपाली नागरिकसँग बिहे गर्ने महिलालाई सात वर्षपछि नागरिकता दिने उल्लेख गरेपछि काँग्रेसले प्रर्दशन गरेको हो।

**नेपाल सरकार**
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
## राष्ट्रिय किताबखाना (निजामती)
**हरिहरभवन, ललितपुर।**

## आ.व. ०७६/७७ को सम्पति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(सूचना प्रकाशित मिति : २०७७/०३/२२)**

(१) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो सम्पति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएको।

(२) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचनामा तोकिएको ढाँचा बमोजिमको सम्पति विवरण फाराम भरी खाम बाहिर देहायको विवरण उल्लेख गरी पठाउनु पर्नेछ।

**आ.व. २०७६/७७ को सम्पति विवरण**

| | |
|---|---|
| क) कर्मचारीको संकेत नम्बर: | ङ) श्रेणी/तह: |
| ख) नाम, थर: | च) कार्यरत कार्यालय: |
| ग) पद/दर्जा: | छ) मोबाइल नं. |
| घ) सेवा/समूह: | ज) ई-मेल ठेगाना: |

(३) कोभिड-१९ को महामारीको कारणले गर्दा नेपाल सरकारले जारी गरेको विभिन्न मितिका निर्देशन र कार्यविधि बमोजिमको मापदण्ड अनुसार आवत जावतमा कठिनाई र भिडभाडको कुनै पनि कार्य गर्दा संक्रमणको जोखिम बढ्ने र **निजामती सेवा नियमावली २०५० को नियम ११८(१) बमोजिम "सम्पति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नुपर्नेछ"** भन्ने व्यवस्था भएकोले यस वर्ष सम्पति विवरण दर्ता गर्न व्यक्ति स्वयं (व्यक्तिगत रुपमा) सम्पति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशिघ्र बुझाई सम्बन्धित कार्यालयबाटै एकमुष्ट २०७७ साल श्रावण १ गते देखि भाद्र २८ गते भित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त हुने गरी छिटो हुने माध्यमबाट पठाउनु पर्नेछ।

(४) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त नगरेका) र लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन अनुसार सिफारिश भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त गरेको भएतापनि) ले नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचनामा तोके बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा पेश भएका अभिलेख तत् तत् निकायले राखी सम्पति विवरण बन्दी खामहरु ३० (तीस) दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिसक्नुपर्ने र त्यस्ता सम्पति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम सम्पति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नुपर्नेछ। तर निजामती सेवामा कार्यरत रही संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीहरुले साबिक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पति विवरण बुझाउनुपर्नेछ।

(५) हुलाक मार्फत् तोकिएको अवधि भित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएकोमा PIS मा प्रविष्ट गरी अभिलेख राखिनेछ। तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन।